"स्वच्छ, सुन्दर, र समुन्नत शहर, सर्लाहीको शान लालबन्दी नगर"

# लालबन्दी नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

लालबन्दी, सर्लाही
मधेश प्रदेश, नेपाल

फोन नं.- ०४६५०११००
०४६५०१३३३
०४६५०१४४४
Email:maillalbandi@gmail.com
Web: lalbandimun.gov.np

## गाई/भैंसिमा देखा परेको लम्पि स्किन रोगको सजगता अपनाउने बारे ।

(मिति : २०७९/१२/२१)

हाल यस नगरपालिकाको केही वडाका गाई/ भैंसिहरुमा लम्पि स्किन रोग (Lumpy skin disease) सँग मिल्दोजुल्दो लक्षण सहितको रोग देखिएको हुँदा यस नगरपालिकाका पशुपालक कृषकहरुलाई आवश्यक सजगता अपनाउनु हुन अनुरोध गरिन्छ। थप जानकारिका लागि लालबन्दी नगरपालिकाको पशु सेवा शाखामा सम्पर्क गर्नुहोला।

रोगका लक्षणहरु:

गाई/ भैंसीमा उच्च ज्वरो (१०५°F वा माथि) सहित घाँटी, पुच्छर वरिपरिको भाग, पेट, थुन लगायत शरिरको विभिन्न भाग तथा भित्रि तहमा गाँठागुठी देखिने, कचेरा र सिंगान बग्ने, गाँठागुठीबाट पानी बग्ने र पाक्ने, पशु छटपटाउने, दुब्लाउँदै जाने, खुट्टा खोटयाउने, दुध उत्पादन घटने, फिँज निकाल्ने र केहीको मृत्यु समेत हुन सक्छ।

सर्ने माध्यम : लामखुट्टे, झिँगा, भुसुनाको टोकाइबाट।

उपचार : ठोस उपचार नभएको हुँदा लक्षण अनुसारको उपचार गर्ने।

## सावधानीका उपायहरु :

१) गोठ र मलखाडलको दुरी १० मिटर कायम गर्ने।
२) गोठ नियमित रूपमा फिनेल पानीले सफा गर्ने तथा सरसफाईमा विशेष ध्यान दिने।
३) पशुबाँध्ने गोठमा दिसा, पिसाब तथा पानी जम्न नदिने।
४) गोठ वरपरका खाल्टाखुल्टी पुर्ने, लामखुट्टेका फुल नष्ट गर्न मट्टीतेल छर्कने।
५) भुसुना तथा लामखुट्टेबाट जोगाउन साँझामा गोठ धुँवाउने।
६) गोठको जैविक सुरक्षाका लागी अनाधिकृत रूपमा मानिसको आवतजावत नगर्ने, प्रवेशद्वारमा चुनापानीको व्यवस्था गरी अनिवार्य रूपमा चुनामा टेकेरमात्र प्रवेश गराउने।
७) संक्रमित स्थान तथा संक्रमणको उच्च जोखिमका स्थानबाट पशु खरिद नगर्ने।
८) रोगी पशुलाई अलग्गै राखि दानापानी को व्यवस्था गर्ने।
९) निरोगी पशुको स्याहार सुसार पछि मात्र रोगी पशुको स्याहार गर्ने।
१०) माथी उल्लेखित लक्षणसँग मिल्दो जुल्दो लक्षण देखिएमा तुरुन्त लालबन्दी नगरपालिकाको पशु सेवा शाखामा सम्पर्क गर्ने।

- उल्लेखित लक्षणहरु देखिएमा तथा थप जानकारीका लागि लालबन्दी नगरपालिकाको पशु चिकत्सक डा.विमल श्रेष्ठको सम्पर्क नम्बर ९८४३७०३१६५ मा सम्पर्क गर्न सकिनेछ।

लालबन्दी नगरपालिका
पशु सेवा शाखा